आज मिति २०८१ साल साउन महिनाको २६ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहायँ बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

<u>समय : बिहान १:०० बजे</u>

## उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म बहादुर वटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप वोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | सदस्य | |
| १४. | श्री वन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६. | श्री करन नेपाली | सदस्य | |
| १७. | श्री जगत बहादुर दर्जी | सदस्य | |
| १८. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

CamScanner

**प्रस्तावहरू**

१. अनुगमन मूल्याङ्कन समितिको प्रतिवेदन अनुमोदन सम्वन्धमा।
२. कर सम्वन्धमा।
३. बन तथा वातावरण समितिको प्रतिबेदन अनुमोदन सम्बन्धमा ।
४. न्यायीक समितिको प्रतिबेदन अनुमोदन गर्ने सम्बन्धमा ।
५. सम्पूर्ण विषयगत समितिको प्रगति प्रतिबेदन अनुमोदन सम्वन्धमा ।
६. सार्वजनिक सेवा प्रवाहको मापदण्ड स्वीकृत सम्वन्धमा ।
७. विविध सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका भित्रका आ.व. २०८१/०८२ मा निर्णय सम्पन्न भएका योजनाहरुको गाउँपालिका उपाध्यक्ष संयोजक रहेको अनुगमन मूल्याङ्कन समितिले ल्याएको कुल १४३ कटा योजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन पेश भई आएको हुँदा सो अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपालको संविधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४, निर्णय गाउँपालिकाको आर्थिक ऐन, विनियोजन ऐन र अन्य प्रचलित कानून वमोजिम वाहेक अन्य कुनै पनि कर नलगाउने निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ को बन तथा वातावरण समितिबाट पेश भएका प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा नरहरिनाथ गाउँपालिकाको कार्यालयमा आ.व ३०८१/०८२ मा परेका उजुरी र गरिएको छलफल र उजुरि फछ्र्यौट प्रतिवेदन सम्वन्धमा एकिन गरि प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको कार्यालय कुमालगाउँको आ.व. २०८१/०८२ मा विभिन्न विषयगत समितिका (लेखा समिति, विधायन समिति, शुशासन समिति, लेखा समिति र पूर्वाधार विकास समिति) का क्रियाकलापहरुको प्रतिवेदन माथि विषयगत छलफल गरि अनुमोदन गरियो ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह गर्ने सम्बन्धमा सेवा प्रवाहलाई व्यवस्थित र जनमुखि बनाई सेवा प्रवाह चुस्त दुरुस्त वनाउनको लागि सार्वजनिक सेवा प्रवाह मापदण्ड २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ६ सम्म
प्रमाणित गरिएको छ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner